🙏🙏🙏

# आनुवंशिकी (अनुवंश बिज्ञान), बाली प्रजनन तथा बीउ विज्ञान सम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन

२०८२ माघ ६ देखि ८ गते, खुमलटार, ललितपुर

## प्रेस वक्तव्य

नेपालको कृषि क्षेत्रलाई वैज्ञानिक, दिगो र प्रतिस्पर्धी बनाउने लक्ष्यसहित “आनुवंशिकी, बाली प्रजनन तथा बीउ विज्ञान सम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन” ललितपुर, खुमलटारमा आयोजना हुने भएको छ। उक्त सम्मेलन २०८२ माघ ६ देखि ८ गते (मंगलबारदेखि बिहीबारसम्म) राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुरमा हुनेछ। यस सम्मेलनको मुख्य ध्येय नेपालमा बिभिन्न बालीहरुको जातीय सुधार/विकास तथा बीउ नवप्रवर्तनको भविष्य निर्माण गर्नु हो।

सम्मेलनको आयोजनामा बाली प्रजनन तथा आनुवंशिकी समाज नेपाल (पिबाग्सन) र राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान , नेपाल कृषि अनुसन्धान परिषद  रहेका छन् भने सह—आयोजकका रूपमा लि-बर्ड, जिन बैंक, अक्सफाम नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, मुक्तिनाथ बीउ बैंक लिमिटेड, कर्मा ग्रुप रहेका छन् । नेपाल कृषि अनुसान्धान परिषद अन्तर्गतको राष्ट्रिय कृषि प्रविधि तथा सूचना केन्द्र तथा कृषि सञ्जाल यस सम्मेलनको मिडिया पार्टनर रहेको छ।

यस सम्मेलनमा २३० जना सहभागीहरू सहभागी हुनेछन्, जसमा अनुसन्धानकर्ता/वैज्ञानिक, नीति निर्माता, प्राध्यापक, विद्यार्थी, उद्यमी, निजी क्षेत्रका प्रतिनिधिहरू समावेश हुनेछन्। सम्मेलनका क्रममा सात वटा कार्यपत्र, ४५ वटा अनुसन्धान लेख तथा १५ वटा पोस्टरहरू प्रस्तुत गरिनेछ भने करिब १५ वटा प्रदर्शनी कक्ष (स्टल) रहनेछन्।

**पृष्ठभूमि र आवश्यकता**

नेपाल कृषि जैविक विविधताले सम्पन्न देश हो र यहाँका विविध कृषि—पर्यावरणीय क्षेत्रहरूलाई ध्यानमा राखी ६ वटा बिज्ञानः अनुवंश बिज्ञान (आनुवंशिकी), बाली प्रजनन, बीउ विज्ञान, कृषि जैविक विविधता, कृषि जैविक प्रविधि तथा कृषि बायोस्टाटिस्टिक्स प्रयोगमार्फत कृषि क्षेत्रमा ठूलो फड्को मार्ने सम्भावना छ। तर हालसम्म कृषि क्षेत्रले कम उत्पादनशीलता, उन्नत तथा गुणस्तरीय बीउमा सीमित पहुँच रजलवायु परिवर्तन अनुकूल प्रविधिको अभाव जस्ता गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ।

विश्वव्यापी रूपमा यी ६ वटा  विषयहरूमा भएको वैज्ञानिक प्रगतिले खाद्य सुरक्षा, पोषण, स्वास्थ्य, व्यवसायिक सम्भावना तथा वातावरणीय संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएको भएता पनि नेपालमा

भने यी क्षेत्रहरूमा अनुसन्धान, नीति, संरचना र मानव संसाधन अझै पनि पछाडि रहेको छन्। कृषि मन्त्रालय, विभाग, कृषि अनुसन्धान तथा अन्य निकायहरूमा आनुवंशिकीविद्, बाली प्रजनक, जैविक विविधता तथा जैविक प्रविधिका विज्ञहरू पर्याप्त नहुनु, बाली प्रजनक र कृषक अधिकारको सुनिश्चितता नहुनु, बीउ क्षेत्रलाई बाली प्रजननबाट अलग राखिनु, तथा यी विषयसम्बन्धी नीति, रणनीति र कार्ययोजनाको कमी प्रमुख समस्याका रूपमा देखिएका छन्। रैथाने भुमि जातहरुलाइ प्र प्रतिस्पर्धी बनाई कृषिमा क्रान्ति/परिवर्तन ल्याउन यी ६ वटा बिज्ञानमा आधारित अध्ययन र अनुसन्धानले मात्र सम्भव छ।

**सम्मेलनको औचित्य**

नेपालको कृषि प्रणालीलाई सुदृढ र आत्मनिर्भर बनाउने हो भने आनुवंशिकी, बाली प्रजनन, बीउ विज्ञान, कृषि जैविक विविधता, कृषि जैविक प्रविधि तथा कृषि बायोस्टाटिस्टिक्सलाई अग्रपङ्क्तिमा राख्नैपर्छ। जहाँ यी विज्ञानहरू अगाडि छन्, त्यहाँको कृषि प्रणाली पनि विकसित, उत्पादनमुखी र दिगो भएको देखिन्छ।

यद्यपि अन्य विषयहरूमा विभिन्न गोष्ठी तथा कार्यक्रमहरू हुँदै आएता पनि नेपालमा यी ६ वटा बिषयलाई समेटेर पहिलो पटक राष्ट्रियस्तरको सम्मेलन आयोजना गर्न लागिएको हो। यही ऐतिहासिक सन्दर्भमा यस कार्यक्रमलाई "आनुवंशिकी, बाली प्रजनन तथा बीउ विज्ञान सम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन" नाम दिइएको छ , जसको दायराभित्र माथि उल्लिखित सबै छ वटा वैज्ञानिक क्षेत्रसँगै नीति तथा बौद्धिक सम्पत्ति अधिकार पनि समेटिएका छन्।

**सम्मेलनका उद्देश्य**

- आनुवंशिकी, बाली प्रजनन, कृषि जैविक विविधता, बीउ विज्ञान, कृषि जैविक प्रविधि तथा कृषि बायोस्टाटिस्टिक्समा भएका नवीनतम अनुसन्धान, प्रगति र अवस्थाबारे प्रस्तुति तथा छलफल गर्ने ।
- विज्ञ, अनुसन्धानकर्ता, नीति निर्माता तथा सरोकारवालाबीच सहकार्य र सञ्जाल विस्तार गर्ने ।
- प्रभावकारी सार्वजनिक–निजी साझेदारीका लागि ढाँचा र संयन्त्र विकास गर्ने ।
- नीति, निर्देशिका तथा उत्तम अभ्यासहरू विकास गर्न मार्गदर्शन प्रदान गर्नु।
- विद्यमान समस्या, खाडल र अवसरहरू पहिचान गरी समाधानमुखी रणनीति तय गर्नु।
- भविष्यका अनुसन्धान, अभ्यास र नीतिका लागि स्पष्ट सिफारिस/ रणनीतिहरू तयार गर्नु।

**विषयवस्तु**

सम्मेलनमा कृषि, वन तथा नीतिगत क्षेत्रभित्र निम्न प्रमुख विषयहरूमा केन्द्रित हुनेछः

- कृषिमा आनुवंशिकी र यसको प्रभाव

- दिगो कृषिका लागि कृषि जैविक विविधताको संरक्षण र उपयोग
- खाद्य, पोषण, स्वास्थ्य, व्यवसाय र वातावरणीय सुरक्षाका लागि बाली प्रजनन
- स्मार्ट बाली उत्पादनका लागि कृषि जैविक प्रविधि
- कृषि अनुसन्धान र निर्णय प्रक्रियामा कृषि बायोस्टाटिस्टिक्स तथा डाटा साइन्स
- बीउ विज्ञान तथा प्रविधिमा नवप्रवर्तन
- कृषि नीति तथा बौद्धिक सम्पत्ति अधिकार

**सम्मेलनका विशेषताहरू**

- विषयगत तथा अनुसन्धान पत्र प्रस्तुति
- पोस्टर सत्र
- समूह छलफल
- प्यानल छलफल तथा बहस
- सञ्जाल निर्माण
- प्रदर्शनी, बजारिकरण तथा प्रदर्शन स्टल
- उत्कृष्ट कार्यका लागि पुरस्कार तथा सम्मान (७ वटा पुरस्कारहरुः **१.** सर्वाधिक उध्द्रित अनुसन्धानकर्ता पुरस्कार, **२.** उत्कृष्ट सेवा पहिचान पुरस्कार, **३. स्वर्णिम** बीउ पुरस्कार, ४. उत्कृष्ट बाली प्रजनन् पुरस्कार, ५. आनुवंशिकी, बाली प्रजनन तथा बीउ विज्ञानमा नेपालको उदाउँदो प्रतिभा पुरस्कार, ६. सम्मेलनमा विद्यार्थीका लागि उत्कृष्ट मौखिक प्रस्तुति तथा अनुसन्धान पत्र पुरस्कार र ७. सम्मेलनमा विद्यार्थीका लागि उत्कृष्ट पोस्टर पुरस्कार)

**निष्कर्ष**

यस सम्मेलनले नेपालका कृषि वैज्ञानिक, नीति निर्माता र सरोकारवालाहरूलाई एउटै थलोमा ल्याई ज्ञान आदान–प्रदान, नवप्रवर्तन र सहकार्यात्मक मार्गचित्र निर्माण गरि उक्त ६ वटा बिज्ञानलाइ विकास तथा प्रयोग गरि कृषिमा ठुलो परिवर्तन गर्ने अपेक्षा गरिएको छ। सम्मेलनबाट निस्कने सिफारिस र रणनीतिहरूले नेपालको कृषि विकास, खाद्य तथा पोषण सुरक्षा, स्वास्थ्य, व्यवसायिक अवसर र वातावरणीय संरक्षणमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास आयोजक संस्थाहरूले व्यक्त गरेका छन्। यो सम्मेलन हरेक ३-३बर्षमा संचालन हुने छ।

🙏🙏🙏